महाबु गाउँपालिका गाउँ कार्यपालिका बैठक १४-२०८२।८३ मिति २०८३।०२।२८

आज मिति २०८३ साल जेठ २८ गतेका विहानको ११।०० बजेको समयमा महाबु गाँउपालिका, दैलेखका अध्यक्ष श्री जंग बहादुर शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

तपसिल

| क स | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | जंग बहादुर शाही | अध्यक्ष | महाबु गाउँपालिका, दैलेख |
| २ | | मन्जुकुमारी शर्मा(पाण्डे) | उपाध्यक्ष | महाबु गाउँपालिका, दैलेख |
| ३ | | सर्वराज सार्की | वडा अध्यक्ष | १ नं वडा कार्यालय |
| ४ | | प्रकाशराज थापा | वडा अध्यक्ष | २ नं वडा कार्यालय |
| ५ | | कृष्णकुमार दाहाल | वडा अध्यक्ष | ३ नं वडा कार्यालय |
| ६ | | रामबहादुर शाही | वडा अध्यक्ष | ४ नं वडा कार्यालय |
| ७ | | दिपबहादुर शाही | वडा अध्यक्ष | ५ नं वडा कार्यालय |
| ८ | | रेशमबहादुर थापामगर | वडा अध्यक्ष | ६ नं वडा कार्यालय |
| ९ | | बसन कुमारी खत्री | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १० | | कृष्णादेवी जैसी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| ११ | | मानकला सलामी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १२ | | पवित्राकुमारी गिरी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १३ | | रामे कामी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १४ | | कुमार नेपाली | कार्यपालिका सदंस्य | महाबु गाउँपालिका, दैलेख |
| १५ | | उदयराज उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | महाबु गाउँकार्यपालिका कार्यालय |

आमन्त्रित

श्री खगेन्द्र कुमार विसी बरिष्ठ लेखा अधिकृत महाबु गाउँपालिका

श्री कृष्ण बहादुर वली बरिष्ठ शिक्षा अधिकृत महाबु गाउँपालिका

सहयोगी कर्मचारी

श्री नन्दाराम बुढा

मिति २०८३।०२।२८ गतेको गाउँ कार्यपालिकाको बैठकमा भएका निर्णयहरु : बैठक संख्या १४/०८२/८३

| क.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | हाल सम्मको प्रगति समिक्षा सम्बन्धमा । | चालु आ ब २०८२।०८३ को २०८२ श्रावण देखिसम्म सञ्चालन भएका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे समीक्षात्मक छलफल भयो । |
| २ | गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा । | महाबु गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८२ जेठ ११ गतेको विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धमा तपसिल बमोजिमको निर्णय अनुमोदन गर्ने |
| ३ | आगामी आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा | महाबु गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रमको मस्यौदा तयारीका लागि तपसिल बमोजिमको नीति तथा कार्यक्रम मस्यौदा तयारी समिति गठन गर्ने । |
| ४ | गाउँसभाको १९ औ अधिवेशनको मिति तय सम्बन्धमा | महाबु गाउँपालिका गाउँसभाको १९ औ अधिवेशनको पहिलो बैठक मिति २०८३ असार ७ गतेका लागि आह्वान गर्ने |
| ५ | अति विपन्न तथा दलित लक्षित स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि २०८३ स्विकृत गर्ने सम्बन्धमा । | महाबु गाउँपालिकाको अति विपन्न तथा दलित लक्षित स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि २०८३ स्विकृत गर्ने |
| ६ | गैडाबाज माध्यमिक विद्यालयको भवन भत्काउन अनुमति माग भएको सम्बन्धमा | महाबु गाउँपालिका वडा नं ४ स्थित गैडाबाज माध्यमिक विद्यालयले नयाँ भवन निर्माणका लागि पुरानो भवन भत्काउने अनुमतिका लागि विद्यालय व्यवस्थापन समितिको मिति २०८३।०२।०४ को निर्णय अनुसार चलानी नं ९१ मिति २०८२।०२।२१ गते यस गाउँपालिकालाई अनुमती माग सम्बन्धी पत्र प्राप्त भएको हुदाँ प्राविधिक मूल्याङ्कनका आधारमा पुरानो मालसामान प्रचलित कानून बमोजिम लिलाम विक्रि गरी सो बापतको रकम विद्यालयको खातामा दाखिला गर्ने गरी उक्त भवन भत्काएर नयाँ भवन निर्माण गर्न अनुमती दिने |
| ७ | सिटिइभिटिलाई भुक्तानी सम्बन्धमा । | मिति २०८२/०९/१६ गते सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, महावु गाउँपालिका र प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्, कर्णाली प्रदेश कार्यालय बीच भएको समझदारीको अधिनमा रही तहाँ महाबु गाउँपालिका र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्णाली |

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत बीच मिति २०८३/०२/०१ मा भएको सम्झौता अनुसार सीप परीक्षणको लागि विभिन्न गतिविधि संचालन गरी आवेदकहरुको आवेदन फाराम र आवश्यक कागजातहरु समेत रुजु भईसकेको सन्दर्भमा सो सम्झौता बमोजिम महाबु गाउँपालिकाबाट प्राप्त विभिन्न ५ वटा पेशामा रहेका ५८ जना आवेदकहरु अन्तिम रुजु भए अनुसार सम्झौताको अनुसुचि १ (ख) मा उल्लेखित ५८ जनाको प्रति आवेदक को परामर्श, सीप परीक्षण र सीप परीक्षण सामाग्री खर्च वापत हुन आउने जम्मा रकम रु ४,७९,४९०.०० को ५०% रकम रु. २,३९,७४५ (अक्षेरुपि दुइ लाख उनान्चालीस हजार सात सय पैचालिस मात्र) सि.टि.इ.भि.टि कर्णाली प्रदेश कार्यालय वीरेन्द्रनगर सुर्खेतले माग गरेको हुदाँ सम्झौता बमोजिमको रकम विभिन्न साझेदारी चालु शिर्षकबाट निकासा गर्ने । |
| ८ | विविध | राहत उपलब्ध गराउने |

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिक